# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वाग्मती गाउँपालिका
## मकवानपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

वाग्मती गाउँपालिका

मकवानपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

वाग्मती गाउँपालिका

मकवानपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

बागमती प्रदेश

मिति:२०८१।२।११

प.सं. २०८०।८१

च.नं. १११

विषय: **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख/अध्यक्ष ज्यू ,

बागमती गाउँपालिका, बागमती गाउँ कार्यपालिकाको कार्यालय,

झुरझुरे, मकवानपुर ।

१. कैफियत सहितको राय — हामीले बागमती गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड २५ लाख १४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.३ लाखको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ लाख ६० हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड २७ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६५ लाख ७२ हजार र पेश्की बाँकी रु.२७ लाख समेत रु.३ करोड २२ लाख १४ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु.११ करोड ३६ लाख ८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१४ करोड ५८ लाख २२ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको

छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( शंकरप्रसाद पन्थी )

**नायब महालेखापरीक्षक**

बागमती गाउँपालिका,

मकवानपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५६ | १७ | ३२५१४ | ० | १ | ३०० | ५६ | १६ | ३२२१४ | १६० | १६५७१ | १२७८३ | ० | ० | २९५१४ | २७०० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | ११३६०८ | ० | ० | ११३६०८ | ० | ३२२१४ | १४५८२२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ६५ | कार्यसम्पादनमा आधारित अनुदान | ३००००० |
| | चालु वर्षको जम्मा | | | ३००००० |
| | कुल जम्मा | | | ३००००० |

नोटः गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ३११.७९ वर्ग किलोमिटर तथा ३०६२५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।१८ देखि २०८०।९। २२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको प्राप्ति तथा भुक्तानीको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

२ **संञ्चित कोष -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायत र स्थानिय सरकार सञ्चालनमा भएका आय- व्यय हिसाबको आर्थिक वर्ष २०७९/०८० को कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

| सि.न. | आय विवरण | रकम रु | सि.न. | व्याय विवरण | रकम रु |
|---|---|---|---|---|---|
| १ | गत आ.व. को अ.ल्या. | ६०३०६२८७ | १ | पूँजिगत खर्च | २१५२३७२३४ |
| २ | आन्तरिक आय | २९३८७७० | २ | चालु खर्च | ३३०६६०३६२ |
| ३ | राजश्व बाँडफाड संघीय सरकार | १००८३१३०१ | ३ | स्रेस्ता अनुसार संचित कोषको नगद मौज्दात | ८९१८८५८५ |
| ४ | राजश्व बाँडफाड प्रदेश सरकार | २१३९७६४२ | ४ | अनुदान फिर्ता | ३२७२१०८९ |
| ५ | राजश्व बाँडफाड स्थानीय सरकार | ७४०५९५७ | ५ | धरौटी फिर्ता | ४३९७२५४ |
| ६ | संघीय सरकार समानीकरण अनुदान | ११००७५००० | ६ | विविध खर्च खाता | ११०७४०९२ |
| ७ | संघीय सरकार शसर्त चालु | २१०२५०००० | ७ | विभाज्य कोष तर्फको खर्च | १३९४७८८७ |
| ८ | संघीय सरकार शसर्त पूँजिगत | २१६००००० | ८ | प्रकोप व्यवस्थापन कोष खर्च | ६४९४७० |
| ९ | संघीय सरकार विशेष अनुदान | २०००००००० | ९ | विविध कोष खर्च | ० |
| १० | संघीय सरकार समपुरक अनुदान | ७०००००० | १० | चेक साट्न बाँकी | ८०७७८ |
| ११ | प्रदेश समानीकरण अनुदान | १०९१०००० | ११ | सामाजिक सुरक्षा | ११८९२९३२२ |
| १२ | प्रदेश शसर्त चालु | १८५३२००० | १२ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास | १७८३५००० |
| १३ | प्रदेश विशेष | १५०००००० | १३ | श्रेस्ता अनुसार मौज्दात | ५५००५१० |
| १४ | प्रदेश सरकार समपुरक | २८९२०००० | | | |
| १५ | विभाज्य कोष तर्फको आय | १३९४७८८७ | | | |
| १६ | विविध खर्च खाता | ११०७४०९२ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | धरौटी आय | ९४१०८२६ | | | |
| १८ | विविध कोष खर्च | ३९३०८८ | | | |
| १९ | प्रकोप व्यवस्थापन कोष | ७४३३२० | | | |
| २० | सामाजिक सूरक्षा | ११८९२९३२२ | | | |
| २१ | एकिकृत स्वास्थ्य पुर्वाधार विकास | १७८३५००० | | | |
| २२ | खर्च खाताबाट संचित कोषमा आम्दानी फिर्ता | ३२७२१०८९ | | | |
| जम्मा | | ८४०२२१५८३ | जम्मा | | ८४०२२१५८३ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### ३ वित्तीय विवरणको परीक्षण

३.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११८९२९३२२ र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१७८३५००० समेत गरी रु. गरी रु. १३६७६४३२२ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४५१४४२८१.२४ , यस वर्षको प्राप्ति रु.२५०१९८८०५.३५ यस वर्षको भुक्तानी रु.२८८८२३४८६.८६ र बैङ्क मौज्दात रु.८३७६८८६२.७५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण

आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १०५४५०४६८.४९ | ५२९७१६४९०.२२ | ५४५८९७५८५.६६ | ८९२६९३७३.०५ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६०३०६२८७.२५ | ७७९९१५२९५.५७ | ८३४७२१०७२.५२ | ५५००५१०.३० |
| फरक | ४५१४४२८१.२४ | (२५०१९८८०५.३५) | (२८८८२३४८६.८६) | (८३७६८८६२.७५) |

३.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१४२७६३९२०.२५ मौज्दात रहेकोमा यो वर्ष रु.६०३०६२८७.२५ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.८२४५७६३३।- घटी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाद्वारा यकिन गर्नुपर्दछ ।

३.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ८९१८८५८५.०५ | ४४९९८८०५.७१ | ४४१८९७७९.३४ |
| चालु खर्च खाता | ० | २०४२६११०.२२ | २०४२६११०.२२ |
| पुँजीगत खर्च खाता | ० | २४४३६९७६.१७ | २४४३६९७६.१७ |
| विविध खर्च खाता | ० | ४४४६५ | ४४४६५ |
| विपद व्यवस्थापन खाता | ९३८४९.८८ | ९३८४९.८८ | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| धरौटी | ५०१३५७२.४२ | ६०७३५७६.४२ | १०६००१५ |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ४१५१० | ४१५१० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| विविध कोष खाता (मर्मत कोष र महिला तथा बालबालिका) | ३९३०८८ | ३९३०८८ | ० |
| **जम्मा** | | | ९०१९८८५५.७३ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार विभिन्न खाताको श्रेस्ता अनुसारको मौज्दात र बैंक स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दातमा रु.९०१९८८५५.७३ फरक देखिएकोमा स्थानीय तह सञ्चित कोष खातातर्फ स्रेस्ताअनुसारको मौज्दात भन्दा बैंक स्टेटमेन्ट अनुसार बर्षान्तको मौज्दात रु.४४१८९७७९.३४ घटी देखिएको सम्बन्धमा एकीन गरी हिसाब मिलान गर्नुपर्दछ ।

३.६ **सञ्चित कोष जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. २०४२६११०.२२ , पुंजीगत खातामा रु. २४४३६९७६.१७ , आन्तरिक राजस्व खातामा रु.४४५१० , राजस्व बाँडफाँड खातामा रु ० समेत रु. ४४९०४५९६.३९ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

४ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन।ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ **योजनाको प्राथमिकिकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ।

तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २४४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु. ५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु. ५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ३८ | १७ | २१ | ० |
| २ | वडास्तरीय | २०६ | ० | ३० | १७६ |
| जम्मा | | २४४ | १७ | ५१ | १७६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने देखिन्छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. ६६ करोड २२ लाख २४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

८ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

९ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २१५२३७००० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१० **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४४८००००० | ३७९६८४०९.९९ | ६.९५ |
| २ | पूर्वाधार विकास | १७८२०७००० | ११२९७६६६३.१४ | २०.७ |
| ३ | सामाजिक विकास | २९५७७१००० | २६५७८९२२९.८५ | ४८.६९ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २९३४१००० | २५७२९९६५.६८ | ४.७१ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १३०८५५००० | १०३४३३३१७ | १८.९५ |
| **जम्मा** | | | | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.६९ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ४.७१ प्रतिशत रहेको छ ।

११ **खर्च विश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. २९३८७७०.९४ राजस्व बाँडफाँड रु.१०५२४१७६१।२९ र अनुदानबाट रु ४४२२८७००० समेत रु.५५०४६७५३२.२३ आम्दानी भएकोमा चालु तर्फ रु. ३३०६६०००० र पूँजिगत तर्फ रु. २१५२३७००० समेत रु. ५४५८९७००० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६७८२००० खर्च भएको छ जुन आन्तरिक आय भन्दा रु.३८४३२२९.०६ बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.५७ प्रतिशत चालु र ३९.४३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१२ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | ५४५८९७५८५.६६ | ६९३६९९३२.१० | ६९१०८४२६.५४ | १३१८३६९५४.७९ | २७५५८२२७२.२३ | १८६१८००३३.१७ |
| प्रतिशत | १०० | १२.७१ | १२.६६ | २४.१५ | ५०.४८ | ३४.१०५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ५४५८९७५८५.६६ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ६९३६९९३२.१० (१२.७१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ६९१०८४२६.५४ (१२.६६प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. १३१८३६९५४.७९ (२४.१५ प्रतिशत) खर्च र चौथो चौमासिकमा रु.२७५५८२२७२.२३(५०.४८)

गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. १८६१८००३३.१७ (३४.१०५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१३ **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले कार्यक्रम स्पष्ट नगरी भैपरी आउने चालु तर्फ रु. २ करोड ७६ लाख ९९ हजार अबण्डा राखेको छ। उक्त रकम विभिन्न मितिमा कार्यपालिकास्तरीय निर्णयबाट १९ पूजीगत योजनामा रु. २३५५५००० तथा १४ चालु योजनामा रु. ४१४४००० गरी कुल ३३ योजनामा विनियोजन गरेको देखियो। बजेट अबण्डा राखी पछि बाँडफाँट गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१४ **गत वर्षको दायित्व भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले २०७८।७९ मा भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी यस वर्ष रु. ६३०४९३१.४५ भुक्तानी गरेको छ। साथै यस वर्ष २०७९।०८० को भुक्तानी दिन बाँकिको विवरण आर्थिक वर्ष २०८०।८१ को वार्षिक नगर विकास योजनामा समावेश गरी रु. १६४१४८४४.३० छुट्टाएको छ। यसरी सम्बन्धित आर्थिक वर्षमा बजेट नपुग हुनबाट भुक्तानी दिन नसकिने गरी कार्यक्रम गरिनु उपयुक्त देखिदैन।

१५ **सेवा प्रवाह** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (च) स्थानीय तहले स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क लगायतको सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था अनुसार यस गाउँपालिकाले यस आर्थिक वर्षमा पंजिकरण सम्बन्धी सेवा प्रवाहको विवरण तपशिल बमोजिमको देखियो ।

| वडा नं. | जन्म | विवाह | सम्बन्ध विच्छेद | बसाइसराई | | मृत्यु | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | आएको | गएको | | |
| १ | १४१ | ५६ | ६ | ११ | ९ | २९ | २५२ |
| २ | १६२ | ६४ | | १ | २० | २८ | २७५ |
| ३ | १०८ | ३३ | | ३ | १० | १४ | १६८ |
| ४ | १६४ | ४५ | ३ | ९ | २ | २७ | २५० |
| ५ | ८८ | २७ | ३ | ३ | २ | ११ | १३४ |
| ६ | ९३ | २९ | ३ | ४ | ८ | ३५ | १७२ |
| ७ | १३४ | ४६ | २ | ५ | १३ | २१ | २२१ |
| ८ | २१४ | ५५ | १ | ४ | २१ | २९ | ३२४ |
| ९ | ९६ | ३९ | १ | ३ | ८ | १९ | १६४ |
| जम्मा | १२०० | ३९४ | १९ | ४१ | ९३ | २१३ | १९६० |

१६ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२)अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८(१) वमोजिम प्रमुख प्रशासकीय अधिकृतले सेवाका पदहरुको कार्य विवरण अनुसूची -५ बमोजिमको ढाँचामा तयार गरी लागू गर्नु पर्नेमा सो गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई लेखा समिति गठन गर्न सकिने व्यवस्था भएकोमा पालिकाले हालसम्म पनि लेखा समिति गठन तथा सञ्चालन सम्बन्धी नियमावली बनाएको छैन ।
- बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(२) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब भत्ता प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र भुक्तानी गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित वेगर खर्च लेखेको पाइयो ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु २० लाख भन्दा माथि लागत अनुमान भएको निर्माण कार्यको बिमा गराउनुपर्नेमा केही योजनाको बिमा गराएको देखिएन ।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१७ **स्थानिय तथ्याङ्क,अभिलेख तथा श्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन ।स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१८ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ६ वटा नियमावली, ४८ कार्यविधि, निर्देशिका ५ वटा, संहिता ३ वटा, मापदण्ड १ वटा, अन्य १ वटा लगायत ७६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

१९ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको ११ गरी कुल १५ विवाद दर्ता भएकोमा ७ वटा मात्र फस्योंट भई ३ माथिल्लो निकायमा रिफर गरी ३ वटा न्यायिक समितिको निर्णयबाट रद्ध गरीएको तथा बाँकी २ वटा उजुरी मौज्दात देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२० **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ।फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ मा स्थानीय तहमा स्थानीय सेवाको संगठन संरचना वा दरबन्दी सिर्जना तथा दरबन्दीमा पुनरावलोकन तथा हेरफेर गर्न स्थानिय तहमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सोही सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५० जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सातौं २ जना, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित सहायक पाचौं लगायतका पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२२ **कर्मचारी व्यवस्था** - बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने व्यवस्था छ । पालिकाले स्थानीय सेवाका स्थायी प्रकृतिका निम्न पदहरुमा कर्मचारी करारमा नियुक्त गरी रु.९०५२७७७।-

तलब भत्ता भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| ईन्जिनियर | १ जना | ५६७९५७ |
| सब ईन्जिनियर | १ जना | ३९२६०० |
| अ सब ईन्जिनियर | २ जना | ३७१९३० |
| सहायक कम्प्युटर अपरेटर | २ जना | ७४३८६० |
| विद्युत कर्मचारी | २ जना | ६७६००० |
| अमिन | ११ जना | ४०९१२३० |
| कृषि प्राविधिक पाचौं | १ जना | १८१२०० |
| पशु/कृषि प्राविधिक | ६ जना | २०२८००० |
| **जम्मा** | | ९०५२७७७ |

| | |
|---|---|
| अनियमित भएको | ९०,५२,७७७ |

२३ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(४) मा स्थानीय सेवा पदमा बहाल रहेका स्थायी कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदा गर्नको लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था छ । पालिकाले कानुन तथा कार्यविधि नबनाई यस वर्ष प्रोत्साहन भत्ता बापत रु.३८६७८८।- खर्च लेखेको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

२४ **शिर्षक फरक खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१२) अनुसार कार्यालय प्रमुखले कुनै बजेट उपशीर्षकमा विनियोजित बजेट रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानि नोक्सानी ककहुने वा सरकारी कामा बाधा पर्ने देखेमा सोको स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को खर्च उपशीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यसरी खर्च भएको रकम नियमित गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न उपशीर्षकमा विनियोजित बजेट के कति नपुग हुने हो यकिन नै नगरी के कति कारणले अर्को उपशीर्षकमा विनियोजित बजेट रकमबाट खर्च गर्नु परेको हो कारण समेत नखुलाई एउटा उपशीर्षकबाट गर्नुपर्ने खर्च अर्को उपशीर्षकबाट गरेको र नियमित समेत नगरेकोले शीर्षक फरक गरेको खर्चलाई नियमसम्मत भएको मान्न नसकिने रु.

| गो भौ र मिति | खर्च लेख्नुपर्ने शीर्षक | खर्च लेखेको शीर्षक | शीर्षक फरक रकम |
|---|---|---|---|
| ३८१-२०८०।३।२४ | शव वाहन खरिद | ब्याकहो लोडर खरिद | १३००००० |

| | |
|---|---|
| अनियमित भएको | १३,००,००० |

२५ **न्यानो झोला -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका चारवटा बर्थिङ सेन्टरमा गत वर्ष खरिद भएको न्यानो झोलाको विवरण नदिएको तर गत वर्ष ४ वट बर्थिङ सेन्टरमा २६२ जना सुत्केरी भएको विवरण दिएको छ । यस वर्ष ४०० थान को रु.३५७९८४ यस वर्ष २९६ जना गरी मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको खरिद गरिएका १०४ थान न्यानो झोला ४ बर्थीङ सेन्टरमा मौज्दातमा रहेको विवरण पालिकाले दिएको छन । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२६ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छः

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | १ बिघाहा १४ कटठा १ धुर ११५३०.३८ वर्ग मिटर |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | ०४/०२/२०७४ | १ थान | १४३८५००० | ग्रेटर १ थान |
| | ०३/१९/२०८० | १ थान | ६८९८९९९.९९ | टिपर ३ टाटा मोटरस |
| | २०७६-४-३१ | २ थान | ७७३०००० | |
| | ०४/०१/२०७६ | १ थान | ४५४५००० | टेलर १ |
| | १०/२३/२०७६ | २ थान | ९५३०००० | जे सि भि स्काभेटर २ थान |
| | ०१/२६/२०८० | | ९२४५००० | |
| | १०/०५/२०७५ | २ थान | ३५७५००० | ब्याक हो लोडर २ थान |
| | १२/०४/२०७७ | | ४१००००० | |
| | १२/२६/२०७४ | २ थान | ३४१५००० | डबल क्याप पिक अप भ्यान |
| उपकरण (रु.१ लाखभन्दा बढी) | ०३/०६/२०७७ | १ थान | ४७०५१९७ | पानी टयाङ्कर |
| | ०३/०६/२०७७ | १ थान | ४१५०००० | रोलर |

| | | | | |
|---|---|---|---|---|
| | ०२/१८/२०७८ | १ थान | २०२१८१२ | भाईब्रेटोरी सोसल कम्पेटर रोलर |
| | ०३/१९/२०८० | १ थान | २४६४००० | जेनन योद्धा टाटा १ |
| | २०८०-२-३० | २ थान | ५४८००० | मिक्सर २ थान |
| | ०२/११/२०७७ | १ थान | ६६५०००० | जीप १ थान |
| | ०२/१४/२०७४ | १ थान | २५७९०० | एभेन्चर बाईक |
| | मिति उल्लेख नभएको | २ थान | ४७७८०० | पल्सर १५० |
| | १०/२३/२०७४ | ३ थान | ७२२७०० | पल्सर १५० |
| | १२/१४/२०७४ | १ थान | २४०९०० | पल्सर १५० |
| | ०९/११/२०७४ | २ थान | ४०७८०० | डिस्कवर १५० |
| | १०/२३/२०७४ | २ थान | ४०९८०० | डिस्कवर १५० |
| | ०९/२०/२०७८ | २ थान | ४४२३००.८८ | यमाहा एस जेड आर |
| | १०/१३/२०७९ | ४ थान | ९९९६०० | यमाहा एस जेड आर १५० |
| | ०३/०३/२०७८ | २ थान | ५२५८०० | पल्सर १५० |
| | ०६/०५/२०७७ | १ थान | २९१८९९.८३ | एफजेड २०८०-६-१५ हराएको |
| | १०/१७/२०७४ | १ थान | २५४९०० | एप्रिले स्कुटर |
| उपकरण (रु.१ लाखभन्दा बढी) | ०९/०६/२०७७ | ३ थान | ११०१७६९ | टोटल स्टेसन |
| | ०३/२२/२०७८ | १ थान | ४०३१०० | जेनेरेटर |
| | ०३/२२/२०७८ | १ थान | ४९५००० | टेस्टिङ मेसिन कृषि |
| | उल्लेख नभएको | १ थान | ११९९०० | ग्रास कटिङ्ग मेसिन |
| बेचलतीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | छैन | छैन | छैन | छैन |
| अतिक्रमणमा परेको जग्गा | छैन | छैन | छैन | छैन |
| अतिक्रमण हटाउन गरेको प्रयास | नभएको | नभएको | नभएको | नभएको |

२७ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२८ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२९ **विभिन्न समूहको सामग्री खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(३) मा सार्वजनिक निकायले कुनै पनि संस्था तथा लाभग्राहीलाई नगद वा वस्तुगत आर्थिक सहायता दिँदा सम्भव भएसम्म लक्ष्य, कार्यक्रम, लागत अनुमान र कुन नियम वा निर्णयबाट कसलाई, कसरी, किन बितरण गरिने हो सो को प्रष्ट कुरा खोली भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले मातहतका विभिन्न वडामा विभिन्न समूह तथा क्लबलाई साउण्ड सिष्टम बितरण भनी विभिन्न आपूर्तिकर्ताको बिलको आधारमा रकम भुक्तानी भएको छ । नियमानुसार कुन समूहलाई किन त्यस्ता सामाग्री दिएको हो सो को अभिलेख कहाँ हुन्छ, त्यसको रेखदेख कसको जिम्मामा हुने हो सो कुराको निक्यौंल नै नगरी भुक्तानी भएको हुँदा उक्त सामाग्री खरिद गरेको भनी भुक्तानी भएको रकमको सदुपयोग भए/नभएको एकीन नभएको रु.

| भौ.नं./मिति | भुक्तानी प्राप्त गर्ने | सामाग्रीको विवरण | रकम |
|---|---|---|---|
| ३४८/२०७९।१०।२९ | छोरी भजन मण्डली | साउण्ड सिष्टम | १००००० |
| ६१७/२०८०।२।१ | गुम्बा टोल समूह | साउण्ड सिष्टम | १९९९५३ |

| | |
|---|---|
| जम्मा | २९९९५३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९९,९५३ |

३० **बितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले जेष्ठ नागरिक सम्मान, वडा नं.६ का विद्यार्थीहरुलाई न्यानो कपडा जस्ता शिर्षकबाट २०० थान सिरक, ४४८ थान ज्याकेट खरिद गरी २ वटा फर्मलाई रु.६३५९१९ भुक्तानी दिएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

३१ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले विभिन्न बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु.३०८६४२७।- को औषधि तथा सर्जिकल सामग्री खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| ब.उ.शि.नं. | फर्मको नाम | औषधि/सर्जिकल | औषधि खरिद रकम |
|---|---|---|---|
| संघीय हस्तान्तरित चालु | भिमदेवी मेडिकल सप्लायर्स, क्षेत्रपाटी | औषधि | १४९९६३६ |
| गाउँपालिका चालु | तारागंगा मेडिकल सप्लायर्स | औषधि | ४९४३४० |
| | क्यान्डेला मेडी कन्सर्न, काठमाण्डौं | औषधि | ४४४७५० |
| | विभुम मेडिसिन सप्लायर्स, काठमाण्डौं | औषधि | २८२५०० |
| | शाह मेडिकल हल, हेटौंडा | औषधि | १५००५० |
| | ग्लोबल सर्जिकल ट्रेडिङ्ग, हेटौंडा | सर्जिकल सामान | २१५१५१ |
| जम्मा | | | ३०८६४२७ |

३२ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. २७००००० बाँकी रहेको देखिन्छ। निम्नानुसारको म्याद नाघेको पेश्की फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| गो भौ र मिति | विवरण | पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम | म्याद नाघेको पेश्की रकम |
|---|---|---|---|
| ८- २०७९/०५/१४ | ढाँडे-रातो माटे बेलिब्रिज निर्माण | गुरुकुल विल्डर्स एण्ड सप्लायर्स प्रा.लि | २७०००० |

| | |
|---|---|
| पेश्की | २७,००,००० |

३३ **आय अनुमान -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३९३०००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. २९३८७७०.९४ अर्थात अनुमान भन्दा २५.२२ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३४ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २७३४५१०५४.०७ | २९३८७७०.९४ | १.०७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३५ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १०००० | ० | ० |
| घरजग्गा वहाल कर | १००००० | १६००४०.१५ | ६०% बढी |
| व्यवसाय कर | ३००००० | १८८९७४.०८ | ३७% कम |
| वहाल विरौटी शुल्क | ५०००० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३६ **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्य क्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तीहरुबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आफ्नो क्षेत्र भित्र हरेका व्यवसायहरुको अभिलेख अद्यावधिक गरेको छैन । तसर्थ आफ्नो क्षेत्र भित्र रहेका सम्पुर्ण व्यवसायीहरुको विवरण अद्यावधिक गरि करको दायरा भित्र ल्याउनु पर्दछ।

**घर जग्गा बहाल कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएमा बहालमा लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था भए अनुसार यस गाउँपालिकाले यस आ.व. मा २ हजार २ सय ३५ रुपैयाँ असुल गरेको देखिन्छ । गाउँपालिकाले बहाल कर सम्बन्धमा घर सर्वेक्षण गरि तथ्याङ्क अद्यावधिक गरि करको दायरामा अधिवृद्धि गर्नुपर्ने देखिन्छ ।

३७ **जडीबुटी, कवाडी, जिवजन्तु तथा निकासी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ मा गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुहरुको व्यावसायिक उपयोग गरे वापत गाउँपालिकाले जडिबुटी, कवाडि तथा जीवजन्तु कर लगाउन पाउने व्यवस्था रहेको छ । पालिकाले आर्थिक ऐन २०७८९ मा उक्त शीर्षकमा करका दरहरु निर्धारण गरेता पनि कर असुल गरेको देखिएन । आर्थिक ऐनमा व्यवस्था भए बमोजिमका दरमा निकासी कर संकलन गरि आन्तरिक आय वृद्धि गर्ने तर्फ पहल गर्नुपर्दछ ।

३८ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १८८९७४.०८ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन ।जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३९ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको आम्दानी तथा अभिलेख प्रयोजनको लागि म ले प फा नं १०१ देखि ११८ सम्मका फारामहरु प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट राजस्व आम्दानीको लागि विभिन्न म ले प फा नं का रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

४० **राजश्व ढिला दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा सोको भोलिपल्ट बैंक दाखिला गरी श्रेस्ता खडा

गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी त्यस्तो नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरी दश दिन सम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी र सोको १० प्रतिशतले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ। पालिका अन्तर्गतका वडाहरुले कतिपय अवस्थामा आफूलाई प्राप्त भएको राजस्व ५-६ महिना सम्म ढिला गरी बैंक दाखिला गर्ने गरेको देखियो। निम्न वडाहरुले वडा कार्यालयमा प्राप्त राजस्व १० दिन भन्दा बढी ढिला गरी दाखिला गरेकोले राजस्व ढिला दाखिला गर्ने सम्बन्धित व्यक्तिबाट १० प्रतिशतले हुने जरिवाना असूल गरी दाखिला गर्नुपर्ने रु.

| वडा तथा पालिका | राजस्व संकलन भएको अवधि | राजस्व दाखिला मिति | राजस्व रकम | जरीवाना रकम | कैफियत |
|---|---|---|---|---|---|
| पालिका | २०७९-३-१७ देखी २०७९-३-३१ | २०७९-९-१७ | १४७०४७ | १४७०५ | विशाल रसाईली |
| पालिका | २०७९-४-१ देखी २०७९-६-३० | २०७९-१२-८ | १९६२८८ | १९६२९ | धिरज स्याङतान |
| पालिका | २०७९-७-१ देखी २०७९-७-३० | २०८०-२-३२ | १६७८१२.०२ | १६७८१ | धिरज स्याङतान |
| वडा नं ८ | २०७९-४-१ देखी २०७९-७-३० | २०७९-१०-१० | २३८९० | २३८९ | अनुप अर्याल |
| वडा नं ६ | २०७९-४-१ देखी २०७९-९-३० | २०७९-१०-१८ | ८२२४३ | ८२२४.३ | पुण्य प्रसाद सापकोटा |
| वडा नं १ | २०७९-४-१ देखी २०७९-५-१३ | २०७९-५-३१ | २०९५० | २०९५ | भद्रा कुमारी थापा |
| वडा नं १ | २०७९-४-१ देखी २०७९-५-१९ | २०७९-५-३१ | ४७०४६ | ४७०४.६ | ईन्दिरा अधिकारी |
| वडा नं ९ | आ व २०७८/७९ | २०७९-५-२१ | ७७४४५ | ७७४४.५ | योगेन्द्र थापा मगर |
| वडा नं ७ | २०७९-४-१ देखी २०७९-७-२९ | २०७९-१०-१५ | ३४३९५ | ३४३९.५ | भरत थापा |
| वडा नं १ | २०७९-१०-३ देखी २०७९-१०-२५ | २०७९-११-२३ | ३३२५० | ३३२५ | भद्रा कुमारी थापा |
| वडा नं २ | २०७९-७-१ देखी २०७९-१०-३० | २०७९-११-१९ | ३२८६१ | ३२८६.१ | वडा नं २ |
| वडा नं २ | २०७९-११-१ देखी २०७९-१२-३० | २०८०-१-१५ | ३३६०० | ३३६० | तारा प्रसाद राई |

| | | | | | |
|---|---|---|---|---|---|
| वडा नं २ | २०७९-५-२० देखी २०७९-७-२८ | २०७९-८-१५ | २७६१३ | २७६१ | ताराप्रसाद राई |
| वडा नं १ | २०७९-५-१४ देखी २०७९-७-२३ | २०७९-८-८ | २७५५० | २७५५ | भद्रा कुमारी थापा |
| **जम्मा** | | | **९५१९९०** | **९५१९९** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९५,१९९ |

४१ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४२ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ४७.०९ देखि २७.०१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | न्युरेनी बस्ति बचाउ बागमती ८ | ०१।२०७९।८० | श्री भैरव निर्माण सेवा | ९६१०७७१.७८ | ५३४७४१७४० | ४४.३६ |
| २ | गुर्दुम कुटीभकारी सडक बागमती ३ | ०२।२०७९।८० | श्री भैरव निर्माण सेवा | १९१८६६२७.०९ | १०७८२२५७.२२ | ४३.८० |
| ३ | बागमती नदि नियन्त्रण झुरझुरे बस्ति | ०३।२०७९।८० | श्री भैरव निर्माण सेवा | ९६८०८७०.९८ | ५२४४८३६.०० | ४५.८२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | जनता मा वि ८ तथा ज्यामिरे ४ सडक | ०४।२०७९।८० | पुलामी एण्ड कन्स्ट्रक्सन | २३८०२८२.१० | १७४२७९८.०० | २७.०१ |
| ५ | राइगाउँ क्यान्टिन मोटर बाटो | ०६।२०७९।८० | पुलामी एण्ड कन्स्ट्रक्सन | १३३४३८५९.५९ | ७०६००२८.२१ | ४७.०९ |
| ६ | लम्कना राइगाउँ सडक | ०७।२०७९।८० | पुलामी एण्ड कन्स्ट्रक्सन | १८९३७४४२.५४ | १०२३८४२२.११ | ४६.३० |
| ७ | झुरझुरे भोरलेनि सडक | ०९।२०७९।८० | श्री भैरव निर्माण सेवा | १९१८५४८९.९१ | ११६९५०९१.३८ | ३९.०४ |

४३ **समपुरक अनुदान -** समपुरक अनुदान सम्बन्धी(तेस्रो संसोधन) कार्यविधि, २०७७ को दफा ६ र प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०७७ दफा ४ मा क्रमश: कुल लागतको अधिकतम ५० प्रतिशतसम्म नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई र प्रदेश सरकारले स्थानीय तहलाई समपुरक अनुदानको रकम प्रदान गर्न सक्ने व्यवस्था छ । पालिकाले निम्न योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत भन्दा बढी संघीय समपुरक अनुदानतर्फ रु.३०४५८६०।५ र प्रदेश अनुदानतर्फ रु.९३९८७८४ समेत रु.१२४३६५६४।५ खर्च व्ययभार गराएको छ । कार्यविधिमा व्यवस्था भए भन्दा संघ र प्रदेश सरकारलाई बढी व्ययभार परेको रकम पालिकाले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| योजनाको विवरण/ ठेक्का नं | स्रोत | कुल लागत अनुमान | सम्झौता रकम | कार्यसम्पन्न प्रतिवेदन अनुसारको रकम | प्रदेशले ब्यहोर्नुपर्ने रकम | पालिकाले ब्यहोर्नुपर्ने रकम | संघ/प्रदेशले ब्यहोरेको रकम | संघ/प्रदेशले बढी ब्यहोरेको रकम |
|---|---|---|---|---|---|---|---|---|
| गुर्दुम कुटिभकारी सडक(०२।२०७९।८०) | प्रदेश समपुरक | १९१८६६२७।०९ | १०७८२२५७।६२ | १०५३९४०९ | ५२६९७०४।५ | ५२६९७०४।५ | ९९०८५६१ | ४६३८८५६.५ |
| लम्कना राइगाउँ सडक(०७।०७९।८०) | प्रदेश समपुरक | १८९३७४४२।५४ | १२२३८४२२।११ | १००१४३०५ | ५००७१५२।५ | ५००७१५२।५ | ९७५९००० | ४७५१८४७.५ |
| राइगाउँ क्यान्टिन मोटरबाटो(०६।२७९।८०) | संघिय समपुरक | ११७२०२२९।८१ | ७०६००२८।२१ | ६०९१७२१ | ३०४५८६०।५ | ३०४५८६०।५ | ६०९१७२१ | ३०४५८६०.५ |
| जम्मा | | | | | | | | १२४३६५६४.५ |

| प्रमाण पेश नगरेको | १,२४,३६,५६४.५ |
|---|---|

४४ **पालिकालाई थप व्ययभार -** प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०७७ को दफा ४ मा कुल लागतको अधिकतम ५० प्रतिशतसम्म प्रदेश सरकारले स्थानिय तहलाई अनुदान रकम प्रदान गर्न सक्ने व्यवस्था छ ।पालिकाले प्रदेश समपुरक अनुदानतर्फको झुरझुरे भोर्लेनी सडक(ठेक्का नं ९।०७९।८० योजनामा ५०:५० को अनुपातमा खर्च लेख्नुपर्नेमा पालिकातर्फ समपुरक अनुदानतर्फको योजना सम्झौता बमोजिमको म्याद भित्र निर्माण कार्य सम्पन्न हुन नसक्दा रु रु.३२९५५२।७ बढी व्ययभार पर्ने गरी खर्च लेखेको छ । उचित अनुपातमा खर्च भुक्तानी गर्नुपर्ने, समयमै प्रदेश सरकारबाट समपुरक अनुदानको अख्तियार प्रदान गर्ने, निर्माण व्यवसायीलाई सम्झौता बमोजिम समयमै

कार्यसम्पन्न गर्न जिम्मेवार बनाउने तथा कार्यालयको योजना अनुगमन प्रणालीलाई प्रभावकारी बनाई पालिकालाई थप आर्थिक दायित्व नपर्ने गरी समपुरक अनुदानको पूर्ण उपयोग गर्नेतर्फ पालिकाले ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

४५ **प्राविधिक बिल र कार्यसम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४६ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । नमुना छनौटको आधारम परीक्षण गर्दा पालिकाले यो वर्ष निम्नानुसारको खरिद कार्य वार्षिक खरिद योजना तयार गरी प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक रुपमा सम्पन्न गर्नुपर्नेमा टुक्रा टुक्रा पारी विभिन्न निर्माण व्यवसायी तथा आपूर्तकबाट प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिदबाट रु.५०२५१०४।- भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| गो.नं. तथा मिति | आपूर्तिकर्ता | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४-२०७९।११।१० | सुबिसु मेडिसिन सप्लायर्स | ILR Refrigerator | ३९५५०० |
| १३-२०७९।१२।२८ | बाबु एण्ड सन्स कम्पनी प्रालि | ल्यापटप | १९९४४५ |
| २०-२०७९।६।१३ | बाबु एण्ड सन्स कम्पनी प्रालि | डेस्कटप कम्प्युटर | २६५५५० |
| २१०-२०८०।१।१४ | बाबु एण्ड सन्स कम्पनी प्रालि | प्रिन्टर | ३१७४१७ |
| ९२९-२०८०।३।२४ | बाबु एण्ड सन्स कम्पनी प्रालि | प्रिन्टर | २८८३७६ |
| ८९८-२०८०।३।२३ | बाबु एण्ड सन्स कम्पनी प्रालि | कम्प्युटरजन्य सामाग्री | १२०७९७ |
| २३५-२०८०।१।३१ | बाबु एण्ड सन्स कम्पनी प्रालि | फर्निचर सामाग्री | ११८५३७ |
| ४३-२०७९।९।२२ | बाबु एण्ड सन्स कम्पनी प्रालि | प्रिन्टर | ४८८१६ |
| २२-२०७९।६।१३ | ज्योति फर्निचर स्टोर्स | कार्यालय सामाग्री | ५०१७२० |
| ३७-२०७९।९।१२ | जेरिना कम्प्युटर इनफोसिस | डेस्कटप कम्प्युटर | ९६००० |
| ५२-२०७९।१०।१२ | ज्योति फर्निचर स्टोर्स | फर्निचर सामाग्री | २१३५७० |
| ८५-२०७९।११।१० | डि एम सप्लायर्स | फर्निचर सामाग्री | ४०७९३० |

| | | | |
|---|---|---|---|
| १३३-२०७९।७।२५ (गा.पा चालु) | नेपाल स्टेशनरी तथा जनरल अर्डर सप्लायर्स, हेटौंडा | मसलन्द तथा कार्यालय सामग्री | ५५१९३७ |
| ३६६-२०७९।११।३ (गा.पा चालु) | नेपाल स्टेशनरी तथा जनरल अर्डर सप्लायर्स, हेटौंडा | मसलन्द तथा कार्यालय सामग्री | ६१७६३५ |
| ७३९-२०८०।३।१० (गा.पा चालु) | नेपाल स्टेशनरी तथा जनरल अर्डर सप्लायर्स, हेटौंडा | मसलन्द तथा कार्यालय सामग्री | ३१४३८८ |
| २५९-२०७९।९।२२ (गा.पा चालु) | बापु सप्लायर्स, हेटौंडा | मसलन्द तथा कार्यालय सामग्री | १११८७० |
| ३८२-२०७९।११।८ (गा.पा चालु) | बापु एण्ड सन्स कम्पनी प्रा.लि. हेटौंडा | मसलन्द तथा कार्यालय सामग्री | ३३५६१० |
| ४७४-२०७९।१२।८ (गा.पा चालु) | बागमती छापाखाना, हेटौंडा | मसलन्द तथा कार्यालय सामग्री | १२०००६ |
| जम्मा | | | ५०२५१०४ |

| | |
|---|---|
| अनियमित भएको | ५०,२५,१०४ |

४७ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४८ **परामर्श तथा डीपिआर खर्च -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा २९ अनुसार सार्वजनिक निकायले सो निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै फर्म, व्यक्ती, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार परामर्शदाताबाट देहायबमोजिमको परामर्श कार्यमा रु.१५८४७९५।- खर्च गरी प्राप्त प्रतिवेदनहरु कार्यान्वयनमा गएको अवस्था देखिँदैन ।

| कार्य विवरण | परामर्शदाता | खर्च रकम |
|---|---|---|
| लखन दोभान आर सि सि ब्रिज | शान्ता कन्सल्टेन्टस | २८८१५० |
| जनमुक्ती मार्ग झुझुले भालेको सडकको डि. पि. आर | लिब इन्जिनियरिङ्ग प्रा. लि | ४३३९२० |
| आ ई ई प्रतिवेदन | वातावरणिय चेतनाको लागि एकिकृत विकास | ६००००० |
| गुर्दुमदेखि बेनीघाटसम्मको सडक डिपिआर | वाई बि डिजाइनर एण्ड डेभलपर्स प्रालि | २६२७२५ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण

स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

४९ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्।

| गो भौ र मिति | योजनाको विवरण | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| ४-२०७९।११।१९ | भिमाद डोटे न्युरीघारी सडक निर्माण उपभोक्ता समिति | संदे एण्ड स.स.मल्टिपर्पोज कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | २०८०८२७ |
| १२-२०८०।१।१४ | भिमाद डोटे न्युरीघारी सडक निर्माण उपभोक्ता समिति | संदे एण्ड स.स.मल्टिपर्पोज कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | २६२७४६१ |
| १७-२०८०।२।१६ | पाँचपाण्डव लिफ्ट सिँचाई उपभोक्ता समिति | पाँचपाण्डव निर्माण सेवा प्रालि | १०३९६० |
| ७५-२०७९।११।१० | न्युरेनी टोलबिच खोल्सी तटबन्धन उ स | पुलामी एड कन्स्ट्रक्सन | १८४३८० |
| ८०-२०७९।११।१० | चौराखोला रिङ्गरोड उ स | हेटौडा निर्माण एण्ड सप्लायर्स प्रालि | २७७३८४ |
| ९८-२०७९।११।१७ | अगौटै धारापानी मोटरबाटो उ स | थुमा कन्स्ट्रक्सन प्रालि | ४६८८१६ |
| १०८-२०७९।११।१९ | रामेछाप पशुराम मोटरबाटो मर्मत उ स | थुमा कन्स्ट्रक्सन प्रालि | १९४५०८ |
| १०९-२०७९।११।१९ | दाहाल नेवार टोल सडक निर्माण उ स | एच के एम कन्स्ट्रक्सन | १९१५३७ |
| ११३-२०७९।११।१९ | सानो रामेछाप काभ्रे जोड्ने मोटरबाटो उ स | थुमा कन्स्ट्रक्सन प्रालि | ४७९८१९ |
| १२९-२०७९।१२।१ | शिखरकटारी देखि भोर्लेनी जोड्ने मोटरबाटो उ स | हेटौडा निर्माण एण्ड सप्लायर्स प्रालि | २८४७६६ |
| २२३-२०८०।१२।२४ | बेतिनी खेलमैदान उ स | थुमा कन्स्ट्रक्सन प्रालि | १२६२९५ |

| | | | |
|---|---|---|---|
| २२७-२०८०।१।१५ | टिनटार मोटरबाटो सरसफाई तथा स्तरोन्नति उ स | एच के एम कन्स्ट्रक्सन | ३८०२९६ |
| २२८-२०८०।१।२५ | चौढिक कुर्ले मोटरबाटो उ स | थुमा कन्स्ट्रक्सन प्रालि | २८७७३५ |
| २३१-२०८०।१।२७ | बगेरी सुगाचुरी मोटरबाटो उ स | थुमा कन्स्ट्रक्सन प्रालि | ५३३४८४ |
| २३२-२०८०।१।३१ | पिपलटार सोलघोप्टे जोड्ने मोटरबाटो उ स | एच के एम कन्स्ट्रक्सन | १८८८४२ |
| २४२-२०८०।२।३ | अर्नादिमार देखि दमदार जोड ने मोटरबाटो उ स | न्यू कालिका ट्रेडर्स | १५९६४५ |
| २४५-२०८०।२।१६ | घट्टमदार उ स | अग्रता कन्स्ट्रक्सन एण्ड देवि सप्लायर्स | ९९४४० |
| २४७-२०८०।२।१६ | एक्लेडाँडा मोटरबाटो उ स | बि एण्ड बि कन्स्ट्रक्सन | ३८१५६४ |
| २५३-२०८०।२।१७ | जोगी डाँडा मोटरबाटो उ स | थुमा कन्स्ट्रक्सन प्रालि | २७८१०४ |
| ३४१-२०८०।३।२१ | निउरेनी देखि खुर्मी जोड्ने मोटरबाटो उ स | बि एण्ड बि कन्स्ट्रक्सन | ४२५००० |

५० **हेभी इक्युपमेन्ट संचालन -** पालिकाबाट उपलब्ध विवरण अनुसार ट्रीपर(६चक्के), ब्याकोलोडर, एक्साभेटर २२५, एक्साभेटर २२०, ब्याकोलोडर न्यु होल्याण्ड, रोलर,मोटर ग्रेडर लगायतका १३ थान हेभी इक्युपमेन्ट संचालनबाट यस वर्ष रु.३०१००२१७.५५ आम्दानी प्राप्त गरेकोमा पारिश्रमिकमा रु.२३६०८००, इन्धनमा रु.६३६६००० र मर्मतमा रु.६१४७०९२.६५ समेत रु.१४८७३८९२.६५ खर्च लेखेको छ। पालिकाद्धारा संचालित विभिन्न योजनामा हेभी इक्युपमेन्ट प्रयोग गरी विभिन्न सडक योजनाहरु निर्माण गरिएको भनी कार्यालयले जनाएता पनि पालिकाका विभिन्न योजनाहरु उपभोक्ता समितिद्धारा निर्माण गर्ने गरी सम्झौता भएकोमा उपभोक्ता समितिद्धारा हेभि इक्युपमेन्ट प्रयोग गर्नुपर्ने योजनामा पालिकाकै हेभि इक्युपमेन्ट प्रयोग नगरी नमुनाको आधारमा परिक्षण गर्दा २० योजनामा बाह्य विभिन्न निर्माण व्यवसायीलाई हेभि इक्युपमेन्ट प्रयोग मार्फत रु.९७५३८६३.०० भुक्तानी भएको देखिन्छ ।पालिकामा रहेको विभिन्न १३ थान हेभि इक्युपमेन्ट लगायत साधानको लागि पालिकाको आफ्नै पेट्रोल पम्प समेत रहेकोमा हेभी इक्युपमेन्टको इन्धन तथा मर्मत खर्चमा हुन सक्ने चुहावट नियन्त्रण गर्नुपर्ने साथै उपभोक्ता समितिद्धारा सम्पन्न गरिने योजनामा हेभी इक्युपमेन्टको प्रयोग गर्नुपर्ने प्राविधिक मूल्यांकन रहेकोमा पालिका भित्रकै हेभी इक्युपमेन्टक प्रयोग गर्ने गरी पालिकाको आन्तरिक आय वृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

५१ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु. ६४९४७० आर्थिक सहायता वितरण गरेको छ।उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २९३८७७०.९४ को २२.१ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

५२ **हेभी इक्यूपमेन्ट तथा अन्य सवारी मर्मत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढी रकमको जुनसुकै सेवा खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने र नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी १० लाख भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा

संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष चालु तर्फको बजेटबाट हेभी मेसिन तथा चारपांग्रे सवारी साधनको मर्मत गर्दा पटक-पटक विभिन्न फर्म तथा पार्टीबाट खरिद गरेको देखिएकोमा नियमको पालना गरी बोलपत्र मार्फत प्रतिस्पर्धात्मक किसिमले खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं. | गो.भौ.नं. | फर्म, संस्था, कम्पनी | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ६/२०७९।५।२४ | सिप्रदी ट्रेडिङ प्रा.लि. | ३७०६४५ |
| २ | ४९/२०७९।६।१३ | | १९४४९८ |
| ३ | २३६/२०७९।९।१३ | | ३२५७३५ |
| ४ | ३४१/२०७९।१०।१९ | | ३००२५७ |
| ५ | ३८९/२०७९।११।१० | | १४२७१७ |
| ६ | ४७१/२०७९।१२।८ | | १४९२२४ |
| ७ | ४९७/२०७९।१२।१५ | | १४११३३ |
| ८ | ६६०/२०८०।२।१७ | | ५०३८१ |
| ९ | ९१/२०७९।७।२२ | हिडम्बा अटो प्रा.लि., हेटौंडा | ३८२०७ |
| १० | ५८९/२०८०।१।१७ | | १५७७६३ |
| १२ | ९५/२०७९।७।२२ | नारायणी हेभी इक्विप प्रा.लि., चितवन | १४५७७० |
| १३ | २३४/२०७९।९।१३ | | २४६८८६ |
| १४ | ४०३/२०७९।११।११ | | १६९५३६ |
| १५ | ६५७/२०८०।२।१७ | | ४२३१८५ |
| १६ | ९७/२०७९।७।२२ | लक्ष्मी कृषि अटो इन्जिनियरिङ वर्क्स, हेटौंडा | १९३३४३ |
| १७ | ३०३/२०७९।१०।११ | | २०३५६९ |
| १८ | ६६४/२०८०।२।१७ | | ७४६५९ |
| १९ | ३०५/२०७९।१०।१२ | नेशनल सप्लायर्स, बाइपास | ११८६२९ |
| २० | ३१९/२०७९।१०।१२ | सिटी अटो मार्ट, हेटौंडा | १६९०१२ |
| २१ | ३४३/२०७९।१०।२३ | होराइजन अटो प्रा.लि., हेटौंडा | ६५१३५९ |
| **जम्मा** | | | **४२६६५०८** |

५३ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

५४ **मसलन्द तथा कार्यालय सामाग्री -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसारको खरिद कार्य वार्षिक खरिद योजना तयार गरी प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक रूपमा सम्पन्न गर्नुपर्नेमा विभिन्न आपूर्तिकर्ताबाट विभिन्न समयमा कार्यालय सामाग्री तथा मसलन्द खरिद गरी रू.२४०५०४७।- भुक्तानी गरेको देखिएकोमा नियमको व्यवस्थाको पालना गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं./मिति | आपूर्तिकर्ता | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १३३/२०७९।७।२५ | नेपाल स्टेशनरी तथा जनरल अर्डर सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ५५१९३७ |
| २५९/२०७९।९।२२ | बापु सप्लायर्स, हेटौंडा | मसलन्द तथा कार्यालय सामाग्री | १११८७० |
| ३३८/२०७९।१०।१८ | आर.एस. सप्लायर्स, हेटौंडा | मसलन्द तथा कार्यालय सामाग्री | ३९८०० |
| ३६६/२०७९।११।३ | नेपाल स्टेशनरी तथा जनरल अर्डर सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ६१७६३५ |
| ३८२/२०७९।११।८ | बापु एण्ड सन्स् कम्पनी प्रा.लि. | मसलन्द तथा कार्यालय सामान | ३३५६१० |
| ४७४/२०७९।१२।८ | बागमती छापाखाना, हेटौंडा | छपाई | १२०००६ |
| ७३८/२०८०।३।१० | बागमती छापाखाना, हेटौंडा | छपाई | ३१३८०१ |
| ७३९/२०८०।३।१० | नेपाल स्टेशनरी तथा जनरल अर्डर सप्लायर्स | मसलन्द तथा कार्यालय सामान | ३१४३८८ |
| **कुल जम्मा** | | | २४०५०४७ |

५५ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९ वटा सहकारी संस्था रहेका छन् ।पालिका भित्रका सहकारी संस्थाहरु मध्ये एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन ।त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

५६ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ५५ योजना सञ्चालन गरी यस वर्ष १४२ जनालाई औसत दिनले ८३.४४ दिन रोजगारी उपलव्ध गराई रु. ७४०७७३४.८७ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन

सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५७ **तलबी प्रतिवेदन -** बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब भत्ता प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यस्था छ । पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी स्थानीय सेवा कर्मचारी (पालिका तथा स्वास्थ्यतर्फका) को तलब भत्ता बापत रु.२१८१८९९०।१२ भुक्तानी गरेको छ । तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गरेकोले कर्मचारीहरुलाई भुक्तानी भएको तलब ग्रेड रकमको यकिन गर्न सकिएन । पालिकाले कानून अनुसार तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५८ **कानूनी परामर्शदाता खेदकुद प्रशिक्षक -** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव, कानूनी सल्लाहकार, प्रेस सहजकर्ता राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) अनुसार तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने व्यवस्था छ । पालिकाले गाउँपालिकाको अध्यक्षको कानूनी सल्लाहकार १ जना तथा खेलकुद प्रशिक्षकको रुपमा ३ जना करारमा नियुक्त गरी रु.८०९०००।- भुक्तानी गरेको कार्य अनियमित देखिएको रु

| क्र.सं. | पद | नाम | मासिक पारिश्रमिक | महिना | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | कानूनी सल्लाहकार | प्रेम बहादुर थोकर | २०००० | १३ | २७०००० |
| २ | खेदकुद प्रशिक्षक | चुन बहादुर पाखिन | २३००० | १३ | ३०९००० |
| ३ | खेदकुद प्रशिक्षक | हिरालाल थिङ | २३००० | ५ | ११५००० |
| ४ | खेदकुद प्रशिक्षक | रामलाल थोकर | २३००० | ५ | ११५००० |
| जम्मा | | | | | ८०९००० |
| | | | | अनियमित भएको | ८,०९,००० |

५९ **आइएमएनसिआइ अनसाइट कोचिङ् -** स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसारको आइएमएनसिआइ समीक्षा कार्यक्रम अन्तर्गतको क्रियाकलाप नं.१.२ को आइएमएनसिआइ अनसाइट कोचिङ्ग कार्यक्रम सञ्चालन गर्दा सेवाको सूचांकहरु कमजोर रहेको स्वास्थ्य संस्थाहरुमा कार्यक्रम सञ्चालन गर्नुपर्ने कोचिङ्गमा जाँदा तालिम प्राप्त कोच र स्थानीय तहको स्वास्थ्य शाखाबाट जाने व्यक्तिहरुलाई मात्र नियमानुसार भत्ता उपलब्ध गराउने व्यवस्था छ । ज.स्वा.नि. दिनेश गुप्ताले विभिन्न मितिमा निम्न स्वास्थ्य संस्थाहरुमा आइएमएनसिआइ कोचिङ्ग कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम सञ्चालन मार्गदर्शनले तोकेको भन्दा बाहेक व्यक्ति तथा कार्यक्रम सञ्चालन भएको सोही स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई सहभागी भत्ता तथा अनुगमन भत्ता भुक्तानी गरेकोले कार्यक्रम सञ्चालन मार्गदर्शनले तोकेको भन्दा फरक हुने गरी उपलब्ध गराएको सहभागी तथा अनुगमन भत्ता असूल गरी दाखिला गर्नुपर्ने रु.

| क.सं. | स्वास्थ्य चौकी | कार्यक्रम मिति | तोकेको भन्दा फरक व्यक्तिको संख्या | तोकेको भन्दा फरक व्यक्तिलाई भुक्तानी भएको भत्ता |
|---|---|---|---|---|
| १ | राईगाउँ स्वास्थ्य चौकी | २०८०।२।७ र ८ | ५ | ७००० |
| २ | माझगाउँ आ.स्वा.केन्द्र | २०८०।२।९ र १० | २ | २८०० |
| ३ | गढन आ.स्वा.केन्द्र | २०८०।२।११ र १२ | ३ | ४२०० |
| ४ | साततले आ.स्वा.केन्द्र | २०८०।२।१३ र १४ | २ | २८०० |
| ५ | पाथीभरा आ.स्वा.केन्द्र | २०८०।२।१६ र १७ | ३ | ४२०० |
| ६ | बगेरी आ.स्वा.केन्द्र | २०८०।२।१८ र १९ | ३ | ४२०० |
| ७ | बेतिनी स्वास्थ्य चौकी | २०८०।२।२१ र २२ | ६ | ८४०० |
| ८ | पाँचपाण्डव आ.स्वा.केन्द्र | २०८०।२।२३ र २४ | ४ | ५६०० |
| जम्मा | | | | ३९२०० |
| | | | असुल गर्नुपर्ने | ३९,२०० |

६० **एमएनएच अनसाइट कोचिङ् -** स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसारको मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गतको क्रियाकलाप नं.५.१ को MNH सम्बन्धी अनसाइट कोचिङ Clinical Mentoring कार्यक्रम सञ्चालन गर्दा नर्सिङ सहभागी र एक जना कार्यालय सहयोगीलाई खाजा तथा यातायात खर्च उपलब्ध गराउने व्यवस्था भएकोमा ज.स्वा.नि. दिनेश गुसाले विभिन्न मितिमा निम्न स्वास्थ्य संस्थाहरुमा MNH अनसाइट कोचिङ्ग Clinical Mentoring कार्यक्रम सञ्चालन गरी मिति २०८०।३।१० मा भौ.नं.२०२ बाट कार्यक्रम खर्च भुक्तानी भएकोमा सहभागी खाजा तथा यातायात भत्ताका साथै कार्यक्रम सञ्चालन मार्गदर्शनले नतोकेको सहभागी भत्ता समेत भुक्तानी गरेकोले उपलब्ध गराएको सहभागी भत्ता असूल गरी दाखिला गर्नुपर्ने रु.

| क.सं. | स्वास्थ्य संस्था | कार्यक्रम मिति | सहभागी संख्या | सहभागी भत्ता |
|---|---|---|---|---|
| १ | स्वास्थ्य चौकी बेतिनी | २०८०।२।२५ देखि २७ सम्म | ८ | १६८०० |
| २ | राइगाँउ स्वास्थ्य चौकी | २०८०।२।२९ देखि ३१ सम्म | ४ | ८४०० |
| कुल जम्मा | | | | २५२०० |
| | | | असुल गर्नुपर्ने | २५,२०० |

६१ **क्यू आर कोड प्रमाणिकरण तथा आई एम यु सुदृढीकरण कार्यक्रम -** स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसारको व्यस्थापन कार्यक्रम अन्तर्गतको कोभिड १९ को भ्याक्सिनको डिजिटाइजेसन तथा क्यू आर कोड प्रमाणिकरण कार्यक्रममा स्थानीय तह अन्तर्गत रहेका स्वास्थ्य संस्था, गैर सरकारी स्वास्थ्य संस्था तथा निजी स्वास्थ्य संस्थाहरुबाट IHIMs को DHIS-२ प्रणालीमा मासिक प्रतिवेदन गर्ने संस्थाहरुको Recording तथा Reporting गर्ने Focal Person हरुलाई सहभागी गराई ३ दिने तालिम दिनुपर्ने साथै सोही कार्यक्रम

अन्तर्गतको स्वास्थ्य सूचना साथै आइ एम यू सुदृढीकरण कार्यक्रममा व्यवस्था भएको अनुदान रकम पालिकाको स्वास्थ्य शाखाले इन्टरनेट सेवा तथा शाखाको प्रत्येक महिना हुने नियमित बैठकमा खाजा खर्चको लागि खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले कार्यक्रम मार्गदर्शनले सम्बन्धित कार्यक्रम अन्तर्गत तोकेको तालिम तथा इन्टरनेट सेवामा खर्च गर्नुपर्ने अनुदान रकम सो नगरी वर्षान्तमा फ्रिज हुन नदिने उद्देश्यले ल्यापटप खरिद गरी रु.१२९७२४।— भुक्तानी गरेको कार्य अनियमित देखिएको रु.

| गो.भौ.नं./मिति | फर्म | बिजक नं. | विवरण | भुक्तानी |
|---|---|---|---|---|
| १९०/२०८०।२।३२ | आर्या मल्टिप्रपोज प्रा.लि. | ०५/२०८०।२।२८ | ल्यापटप १ थान | १२९७२४ |

| | |
|---|---|
| अनियमित भएको | १,२९,७२४ |

६२ **जिन्सी दाखिला नगरेको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(११) अनुसार सरकारी रकम खर्च गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना नहुने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रबन्ध मिलाउनु पर्ने व्यवस्था छ।ज.स्वा.नि. दिनेश गुप्ताले पालिका हलमा २०७९।११।१ मा मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गतको क्रियाकलाप नं.५ को स्वास्थ्यकर्मीहरुलाई ANC to PNC Continuum of Care, आमा तथा नवजात शिशु सुरक्षा तथा अन्य निर्देशिकाहरुको अभिमुखीकरण कार्यक्रम गरी मिति २०७९।१२।२० मा भौ.नं.१०७ बाट खर्च लेखेकोमा निम्न फर्मबाट खरिद गरेको स्वास्थ्य उपकरणहरु पालिकामा दाखिला गरेको नदेखिएको साथै स्वास्थ्यकर्मीलाई हस्तान्तरण गरेको तथा स्वास्थ्यकर्मीहरुले पनि सम्बन्धित स्वास्थ्य संस्थामा दाखिला गरेको प्रमाण पेश गरेको नदेखिएकोले सो उपकरणहरु जिन्सी दाखिला गरी सोको स्रेस्ता अद्यावधिक भएको प्रमाण पेश गर्नुपर्ने रु.

| फर्मको नाम | बिजक नं./ मिति | करदाता नं. | उपकरण | संख्या | रकम |
|---|---|---|---|---|---|
| ग्लोबल ट्रेड लिङ्क, हेटौंडा | ३३४/२०७९।१०।२५ | १२९६७४२८७ | Delivery Set | ५ | १६००० |
| | ३३१/२०७९।१०।२५ | | B.P. Set | ६ | १५००० |
| | ३३२/२०७९।१०।२५ | | B.P. Set | ६ | १५००० |
| जम्मा | | | | | ४६००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४६,००० |

६३ **औषधि खरिद -** स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसारको आइएमएनसिआइ समीक्षा कार्यक्रम अन्तर्गतको क्रियाकलाप नं.१.२ को आइएमएनसिआइ अनसाइट कोचिङ्ग कार्यक्रम सञ्चालनका लागि आइएमएनसिआइका लागि गाउँपालिकाले यस कार्यक्रम अन्तर्गतको बजेटबाट रु.५० हजारसम्मको मात्र औषधि खरिद गर्नको लागि बजेट खर्च गर्न सक्ने व्यस्था छ । पालिकाले सेवक फर्मा, हेटौंडालाई यस कार्यक्रम अन्तर्गतको औषधि खरिद बापत रु.९६०५०।— मिति २०७९।११।१० मा भौ.नं.७८ बाट भुक्तानी खर्च लेखेकोले कार्यक्रम मार्गदर्शनले तोकेको भन्दा बढी रकमको औषधि खरिद गरेको कार्य नियमअनुसार नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४६,०५० |

६४ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । आर्थिक वर्ष २०७९।८० मा पालिका अन्तर्गतका विद्यालयमा शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम रहेको छ :

| विद्यालय संख्या | कुल दरबन्दी | पदपूर्ति | पदपूर्तिमध्ये स्थायी | पदपूर्तिमध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| ५० | १०७ | १०७ | २८ | ७९ | ८३१६ |

पालिका अन्तर्गतका ५० विद्यालयहरुमा शिक्षकहरुको कुल दरबन्दी १०७ रहेकोमा स्वीकृत दरबन्दी अनुसार स्थायी शिक्षक पदपूर्ति २८ रही बाँकी ७९ सबै करारका शिक्षकमार्फत पदपूर्ति भएको देखिन्छ । विद्यालयमा स्वीकृत दरबन्दी अनुसार स्थायी शिक्षक पदपूर्ति गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

६५ **कार्यसम्पादनमा आधारित अनुदान -**

***........... (प्रारम्भिक प्रतिवेदन उपर सम्बन्धित विद्यालयलाई अनुदान रकम उपलब्ध गराएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.३,००,००० सम्परीक्षण गरिएको ।)***

६६ **गतवर्षको दायित्व भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) अनुसार भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको भुक्तानी दिन बाँकी रहेको स्वीकृत दरबन्दीको तलब, महंगी भत्ता सम्बन्धित वजेट रकमबाट पुग्ने देखिएमा कार्यालयले भुक्तानी दिन सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न विद्यालयहरुको २०७९ बैशाख देखि आषाढको छुट भएको भुक्तानी दिन बाँकीको विवरणमा समावेश नभएको तलब भत्ता यस वर्ष भुक्तानी गरेकोले भुक्तानी दिन बाँकीको विवरणमा समावेश नभएको गत आर्थिक वर्षको दायित्व भुक्तानी गरेको कार्य नियमअनुसार नभएको रु.

| गो.भौ.नं./मिति | विद्यालयको नाम | गतवर्षको दायित्व भुक्तानी |
|---|---|---|
| ६/२०७९।६।१२ | देवकी माध्यमिक विद्यालय | १२२५०० |
| | सूर्य माध्यमिक विद्यालय | |
| | बागमती माध्यमिक विद्यालय | |
| | अनियमित भएको | १,२२,५०० |

६७ **पुस्तकालय स्थापना अनुदान -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.१३.१३ अन्तर्गतको उपक्रियाकलाप विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापनको लागि छनौट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ठ ६ ला ५० हजारको दरले अनुदान दिने, उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्नुपर्ने र लाईब्रेरीका लागि आवश्यक फर्निचरहरु जस्तैः पुस्तक ऱ्याक, कुर्सी टेबुल लगायतका सामग्रीहरु व्यवस्था गर्न कुल बजेटको २५ प्रतिशत सम्म बजेट खर्च गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले पञ्चकन्या आ.वि., वडा नं.८ लाई पुस्तकालय स्थापनाका लागि अनुदान रकम प्रदान गरेकोमा अनुदान रकम खर्च गर्दा पाठ्यपुस्तक तथा फर्निचरका साथै अन्य फरक कार्य कम्प्युटर खरिदमा रु.८७०१०।— खर्च गरेकोले कार्यान्वयन पुस्तिकाले तोकेको भन्दा फरक कार्यमा गरेको खर्च नियमअनुसार नभएको रु

| गौ.भौ.नं. | फर्मको नाम | बिजक नं./मिति | विवरण | रकम |
|---|---|---|---|---|
| २८२/२०८०।३।२३ | एडभान्स टेक्नोलोली ग्रुप हेटौंडा | १५३/२०८०।२।२८ | कम्प्युटर २ थान | ८७०१० |
| | | | अनियमित भएको | ८७,०१० |

६८ **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रयोग -** पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आंशिक रुपमा लागू गरेता पनि पूर्ण रुपमा लागू नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पत्ति तथा सोको मौद्रिक मूल्य सम्बन्धमा यकीन गर्न सकिएन । नेपाल सरकारको २०७७ को कार्तिक २० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जवाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न यस सफ्टवेयर तीन वटै सरकारले लागू गर्नुपर्ने उल्लेख गरेकोमा पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) आंशिक रुपमा लागू गरेकोले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सही तथा यथार्थ छ भन्नेमा विश्वस्त हुन सक्ने अवस्था भएन । यस प्रणाली पूर्ण रुपमा लागू गरी सम्पत्तिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ ।

६९ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकामा सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ९ वडाका लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न सानिमा बैंक तथा ज्योती विकास बैंक मार्फत प्रथम त्रैमासिकमा रु.२७७५१०८७, दोस्रो त्रैमासिकमा रु.२९७९८७०३, तेस्रो त्रैमासिकमा रु.३०३१८५०९, र चौथो त्रैमासिकमा रु. ३१०६०६२७ गरी जम्मा रु. ११८९२९३२२ निकासा गरेकोमा पालिकाले रु. ११२१५०८३११ वितरण गरेको छ भने प्रत्येक किस्ताबाट को ले नि का फिर्ता हुनुपर्ने रकम रु ६७७८४९०.९० आर्थिक वर्षको अन्त्यमा फिर्ता गर्नुपर्नेमा २०८०/०८/१७ मा कोष तथा लेखा नियन्त्रण कार्यालय मकवानपुरमा फिर्ता गरेको देखियो।

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

कार्यालय र स्थान: बागमती गाउँपालिका, मकवानपुर , बागमती गाउँपालिका , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम प्रसाद सापकोटा | २०७७-४-१ | २०७९-४-४ |
| कार्यालय प्रमुख | झम्क नारायण घलान | २०७९-४-५ | हाल सम्म कार्यरत |

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| लेखा प्रमुख | राजेश कुमार दास | २०७९-५-२६ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४५९,५९९ | १६,५७२,१६५ | १२,७८२,५१७.५ | ० | ० | २,७००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३२,५१४,२८१.५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३००,००० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३२,२१४,२८१.५ |

**स्थानीय तह :**

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६०३०६२८७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६८९२५००० | **चालु खर्च** | ३३०६६०३६२ |
| **प्रदेश सरकारबाट अनुदान** | ७३३६२००० | **पूँजीगत खर्च** | २१५२३७२३४ |
| **राजश्व बाँडफाँट** | १२९६३४९०१ | **वित्तीय/अन्य व्यवस्था** | १९९६३४८९१ |
| **आन्तरिक आय** | २९३८७७०.० | | |
| **अन्य आय** | २०५०५४६२४ | | |
| **कुल आय** | ७७९९१५२९५ | **कुल खर्च** | ७४५५३२४८७ |
| **बाँकी मौज्दात** | | ९४६८९०९५ | |